# मिसन न्यूज

www.missionenews.com

MISSION News National Weekly राष्ट्रिय साप्ताहिक



विज्ञापन, लेख, रचना र ताजा समाचारका लागि प्रत्येक हप्ताको बुधबार कालिकोटबाट प्रकाशन हुने मिसन न्यूज राष्ट्रिय साप्ताहिक पढ्न नभुल्नु होला । साथै

www.missionenews.com

अनलाईन पत्रिका समेत संचालनमा आएको जानकारी गरिन्छ ।




वर्ष-२ | अंक-४० | २०७५ बैशाख ०५ गते बुधबार | 18 April 2018 Wednesday | मूल्य रू. १०/-


## कर्णाली प्रदेशका सबै जिल्लामा विमानस्थल

**मिसन न्यूज**

**कालिकोट**-कर्णाली प्रदेश सरकार र संघीय सरकारले कर्णालीका सबै जिल्लामा विमानस्थलमा बनाउने प्रतिबद्धता जाहेर गरेका छन् । प्रधानमन्त्री केपी शर्मा ओलीले रारा कर्णाली पर्यटन वर्ष २०७५ को उद्घाटन गर्दै कर्णालीका सबै जिल्लामा विमानस्थल बनाउने बताएका हुन् । कर्णालीको रारामा कर्णाली पर्यटन वर्षको विशेष औपचारिक उद्घाटन गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीले कर्णालीका जनताले छिटै हवाई सेवा उपलब्ध गराउने बताए । 'हामीले कर्णाली सबै जिल्लाका विमानस्थलहरुमा छिट्टै हवाई सेवा सुचारु गर्न लागेका छौं ।

' उनले भने, 'यहाँका जनताले चाडै हवाई सुबिधा पाउने भएका छन् ।' प्रधानमन्त्री ओलीले कर्णाली प्रदेश धार्मिक, सांस्कृतिक तथा बहुमूल्य जडिबुटीले पूर्ण रहेको बताए । आन्तरिक सडक विस्तार, पर्यटकीय मार्ग निर्माण, स्तरोन्नति, पर्यटकीय क्षेत्रको प्रचारप्रसार तथा संरक्षणका लागि सरकारले कुनै कसर बाकी राख्दैन', उनले भने, 'तर त्यसमा स्थानीयले साथ दिनुपर्छ ।' त्यस्तै, इतिहासमै पहिलो पटक स्थायी सरकार बनेकाले कर्णालीका जनताले पूर्ण रूपमा सरकारी सेवा महसुस गर्ने गरी हवाई उडान र पर्यटनको विकास गर्ने पर्यटन तथा संस्कृति मन्त्री रवीन्द्र अधिकारीले बताए । 'कर्णालीका जनताले छिटो भन्दा छिटो हवाई सेवा पाउने र नेपाल एयर लाइन्सको उडान थप गर्नुका साथै अन्य निजी कम्पनीका जहाजलाई पनि




प्रधानमन्त्री केपी शर्मा ओली तथा जनप्रतिनिधी रारा कर्णाली पर्यटन वर्ष २०७५ को उद्घाटन गर्दै

भाडादरमा एकरूपता ल्याइने छ ।' उनले भने, 'सुर्खेतमा रहेको विमानस्थलको स्तर उन्नती गरिने छ ।' कर्णालीका विमानस्थलहरू धावनमार्ग साँघुरो भएका लगायतका विमानस्थलमा समस्या रहेको र सबै विमानस्थलको स्तरउन्नती गरेर कर्णाली पर्यटन वर्षलाई सफल बनाउने कर्णाली प्रदेशका आर्थिक मामिला मन्त्री प्रकाश ज्वालाले बताए । 'पैदल, हवाई तथा सडकमार्गबाट कर्णालीमा पर्यटक भित्र्याउँछौं', उनले भने, 'यसैमा नै कर्णालीको समृद्धिको आधार रहेको छ ।' कर्णाली प्रदेशका १० वटै जिल्लामा १० वटा विमानस्थल रहेको छन् । अहिले कर्णालीमा सबै विमानस्थलहरु सुचारु हुन नसकेको र सुचारु नभएका विमानस्थलहरूको स्तरउन्नती गरेमा कर्णाली प्रदेशमा पर्यटक भित्र्याउन सजिलो हुने कर्णाली विकास आयोगका सदस्य कृष्णप्रसाद आचार्यले बताए । 'कर्णालीका सबै विमानस्थलहरू अहिले संचालन आउन सकेका छैनन्' उनले भने, 'यहाँका विमानस्थलहरू संचालनमा प्रदेशको समृद्धि र विकास यसैमा रहेको छ ।'

## यी हुन कर्णाली प्रदेशको मन्त्रीपरिषद्ले गरेका निर्णय

**मिसन न्यूज**

**सुर्खेत**-कर्णाली प्रदेश सरकारले प्रदेश सभा, स्थानीय तहका पदाधिकारी र सदस्यहरुको सेवा सुविधा तोक्न विधेयकलाई सैद्धान्तिक स्वीकृती दिएको छ । मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा मंगलबार बिहान बसेको मन्त्रीपरिषद्को बैठकले आन्तरिक ममिला तथा कानुन मन्त्रालयलाई विधेयक तयार गर्न स्वीकृती दिएको हो । प्रदेश सभा, स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सेवा सुविधा सम्बन्धि व्यवस्था गर्न बनेको विधेयक २०७५ तर्जुमाका लागि बैठकले केही सुझावहरुसहित कानुन मन्त्रालयलाई



सैद्धान्तिक स्वीकृति दिएको कर्णाली प्रदेश सरकारका प्रवक्ता विमला केशीले जानकारी दिईन् । उनका अनुसार अबको केही महिनामै प्रदेश सभा, स्थानीय तहका पदाधिकारी र सदस्यहरुले कति सेवा सुविधा दिने भन्ने सुझावसहितको विधेयक प्रदेश सभामा मन्त्रालयले पेश गर्नेछ । मन्त्रीपरिषद्को बैठकले प्रदेश स्तरका सार्वजनिक लिखत प्रमाणीकरण कार्यविधि सम्बन्धि विधेयक २०७५ र कर्णाली प्रदेशका गाँउसभा र नगरसभाको कानुन निर्माण प्रक्रियाको सम्बन्धी विधेयक २०७५ तर्जुमा गर्न पनि कानुन मन्त्रालयलाई स्वीकृती दिएको छ । बैठकले संचित कोष संचालन नियमावली २०७५ पारित गरेको छ भने, कर्णाली प्रदेशको आकस्मीक कोष विधेयक २०७५ को मस्यौदा प्रदेश सभामा पेश गर्नेगरी स्वीकृत गरेको छ ।

## सदरमुकामबाटै सञ्चालन गाउँका सिंहदरबार

**मिसन न्यूज**

**कालिकोट** - जिल्लाका अधिकांश स्थानीय तहका काम सदरमुकामबाट नै हुने गरेका छन् । गाउँगाउँमा पुगेको स्थानीय तहका सिंहदरबारहरूको योजना सम्झौता, रकम फरफरात सदरमुकाममा नै हुने गरेको हो । गाउँगाउँमा पुगेका सिंहदरबारका कर्मचारीहरू स्थानीय तहमा नजादाँ तलब भत्ता, विकास योजनाको सम्झौता लगाएतका काम सदरमुकाममा नै हुने गरेको छन् । कर्मचारी स्थानीय तहमा नगएर सदरमुकामा नै बसेका कारणले सानोतिनो काम पर्दा पनि सदरमुकाम नै धाउनु पर्ने बाध्यता रहेको नरहरीनाथ गाउँपालिका ९ लालुका रनबहादुर शाहीले बताए । उनले भने, 'गाउँगाउँमा सिंहदरबार आएको भन्दै थिए, हामीलाई सानासाना काम गर्न पनि सदरमुकाम आउनु पर्छ ।'आर्थिक वर्षको अन्तिम चौमासिक रकम बुझ्नेहरूको भीड नै लाग्ने गरेको स्थानीयको भनाइ रहेको छ । सदरमुकाम नै भाडाका सम्पर्क कार्यालय जिल्ला सदरमुकाममा स्थानीय तहका कार्यालय भाडाका घरबाट सञ्चालन भइरहेका छन् । जिल्ला ९ वटा स्थानीय तहले जिल्ला सदरमुकाम सम्पर्क कार्यालय सञ्चालनमा ल्याएका छन्। जिल्लाको सदरमुकाम रहेको खाँडाचक्र नगरपालिकाले मासिक ५० हजारको भाडाको घरमा कार्य सञ्चालन गरिरहेको प्रमुख जसीप्रसाद पाण्डेले बताए। कार्यालय व्यवस्थापन तथा कर्मचारी आवासका लागि घर भाडामा लिएको उनले बताए ।उनले भने, 'स्थानीय तह गठन भए तर भौतिक पूर्वाधार अपुग छ,अझै चारर पाँच वर्ष त गाउँपालिका का लागि आवश्यक पूर्वाधार निर्माणमै अलमल हुन्छ ।' जिल्लाको रास्कोट नगरपालिका पुरानो स्यूना गाविसको कार्यालयबाट सेवा सञ्चालन गरिएको भए पनि जनप्रतिनिधि तथा कर्मचारी आवासका लागि मासिक २० हजार भाडा तिर्ने गरी नौं कोठे भवन भाडामा लिएको बताइएको छ ।

## सम्पादकीय

### कर्णालीको गेमचेन्ज गर्न रारामा ओली ?

कर्णालीलाई समृद्ध, सशक्त र अझै सुन्दर बनाउन प्रधानमन्त्री केपी ओलीनयाँ वर्षको पहिलो दिन सुखी नेपाली, समृद्ध नेपाल अभियानको शृंखला शुभारम्भ गर्दैछन् । मुगु जिल्लास्थित नेपालको सबैभन्दा सुन्दर रारा तालको किनारामा उभिएर नेपाली जनता र विश्व जनमतलाई नयाँ वर्षको शुभारम्भमा नयाँ युगउद्घोष गर्दैछन् । प्रधानमन्त्री ओलीले आफ्नो समृद्ध नेपाल बनाउने अभियानको शुरुवात गर्न विपन्न कर्णालीलाई नै किन रोजे ? उनले नै बताउलान् तर देशका सात प्रदेशमध्ये विकासका दृष्टिबाट यो प्रदेश सबैभन्दा पछाडि रहेको कटु यथार्थ हो । कर्णाली शिक्षा, स्वास्थ्य, आयुमा देशमा सबैभन्दा पछाडि छ । प्रदेशमध्ये सबैभन्दा कमजोर क्षेत्र नै यही हो । आर्थिक विकासका दृष्टिमा यो प्रदेशले मुलुकको आन्तरिक आयको २ प्रतिशतमात्र आर्जन गर्छ भने कुल गार्हस्थ्य उत्पादनमा ३ प्रतिशतमात्र योगदान गर्छ । पूर्वाधार विकासका दृष्टिबाट पनि अहिलेसम्म सडक नपुगेका हुम्ला र डोल्पा यहीँछन् । यो प्रदेशको जनसंख्या जम्मा १७ लाख छ जो देशको कुल जनसंख्याको ६ प्रतिशतमात्र हो। क्षेत्रफल भने देशको भूभागको २१ प्रतिशत ओगटेको छ । जलस्रोत, पर्यटन, कृषि, जडीबुटी र वन्यजन्तुकानिम्ति त यो प्रदेशलाई खानी नै मानिन्छ । प्राकृतिक सम्पन्नता र सुन्दरताका दृष्टिबाट भने यो प्रदेश अब्बल छ । वन, हिमाल, नदीनाला, फल र फूल, च्याउ, यार्सागुम्बा, पुतली रचराचुरुंगीका दृष्टिमा यो प्रदेश यति सम्पन्न र समृद्ध छ कि अन्यसँग तुलनै हुँदैन ।

# शिक्षाको अधिकार र स्थानीय सरकार

इन्दु तुलाधर/डा. छिरिङ लामा

शिक्षा व्यक्तिको सामर्थ्य बढाउने तथा असमानताहरू सम्बोधन गर्ने सबैभन्दा महत्वपूर्ण साधन हो । शिक्षाको पहुँच र गुणात्मक शिक्षाको सुनिश्चितताले प्रत्येक व्यक्तिले उनीहरूको वास्तविक स्वतन्त्रता, उक्त स्वतन्त्रतालाई वास्तविक रूपमा उपभोग गर्न सक्ने सामर्थ्यको विकास गर्न सक्छ । असमानता, सामाजिक, लैङ्गिक, जातीय विभेद लगायतका नकारात्मक सामाजिक मूल्य र मान्यताको अन्त्य गर्ने सवालमा पनि शिक्षाको भूमिका महत्वपूर्ण रहन्छ । यस परिप्रेक्ष्यमा सामाजिक, आर्थिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, बेइजिङ प्लेटफर्म फर एक्सन, दिगो विकास सम्बन्धी एजेन्डा-२१, सबैका लागि शिक्षा सम्बन्धी विश्व सम्मेलन, १९९०, कोपनहेगन घोषणापत्र २००२ को प्रतिबद्धता नं. ६ र सबैका लागि शिक्षा सम्बन्धी विश्व सम्मेलनको धारा १ लगायतका विभिन्न अन्तर्राष्ट्रिय कानुन तथा सन्धिहरूजस्ता अन्तर्राष्ट्रिय दस्तावेजहरूले शिक्षाको महत्व र आवश्यकतालाई आत्मसात् गर्दै शिक्षालाई मानव अधिकारको अभिन्न विषयका रूपमा स्थापित गरेका छन् । नेपालको संविधानको धारा ३१ ले पनि शिक्षा सम्बन्धी हकलाई नागरिकको मौलिक हकका रूपमा सुनिश्चित गरेको छ । विशेषगरी धारा ३१ ले शिक्षा सम्बन्धी निम्न हक सुनिश्चित गरेको पाइन्छ । प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक,प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा प्राप्त गर्ने हक, दृष्टिविहीन व्यक्तिलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका व्यक्तिलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक,नेपालमा बसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृभाषामा माध्यमिक तहसम्म शिक्षा प्राप्त गर्न र कानुन बमोजिम विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक, त्यसैगरी, संविधानको धारा १८ को प्रतिबन्धात्मक व्यवस्थाले सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त व्यवस्था गरेको छ। संविधानको धारा ३८ (५) ले महिलालाई शिक्षामा विशेष व्यवस्था गर्न सकिने व्यवस्था गरेको छ भने धारा ३९ बालबालिकाको हकमा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, व्यक्तित्व विकासको हकलाई मौलिक हकको रूपमा सुनिश्चित गरेको छ । धारा ४२ को सामाजिक न्यायको हकको उपधारा २ ले आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा लगायतको विषयमा विशेष अवसर तथा लाभ पाउने हकको व्यवस्था गरेको छ । धारा ४२ (५) नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनका लागि भएका सबै जनआन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने सहिदका परिवार,घाइते तथा पीडितलाई न्याय एवं उचित सम्मानसहित शिक्षा लगायतका विषयमा कानुन बमोजिम प्राथमिकताका साथ अवसर पाउने हक हुनेछ। त्यसैगरी, राज्यको नीतिअन्तर्गत धारा ५१ (ज) मा नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति अन्तर्गत पनि शिक्षालाई विशेष महत्व दिइएको अवस्था छ । शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति व्यवस्थापन गरी सेवामूलक बनाउने, उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने, नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने । यसले के देखाउँछ भने नेपालको संविधानले लोकतान्त्रिक गणतन्त्रात्मक संघीय राज्य व्यवस्थालाई संस्थागत गर्न शिक्षाको महत्वलाई आत्मसात् गरी शिक्षालाई नागरिकहरूको महत्वपूर्ण आधारभूत अधिकारका रूपमा सुनिश्चित गरेको छ ।

मिसन न्यूज
राष्ट्रिय साप्ताहिक
MISSION News National Weekly

बेस्ट कर्णाली मिडिया प्रालिद्वारा प्रकाशित
सम्पादकःपवित्र शाही
प्रवन्ध सम्पादकःनिर्मला शाही
सह–सम्पादकःपंखबहादुर मल्ल
कम्प्युटर अप्रेटरःलिलाराज संज्याल
बजार ब्यवस्थापकःनिशा शाही
कार्यालयः खाँडाचक्र न.पा.-१ कालिकोट
इमेलः missionnewsp@gmail.com
फोन नं. ०८७-४४०२४२,९८४८०४९४५५

मुद्रणः ईश्वर अफ्सेट प्रेस मान्म-५ कालिकोट

www.missionenews.com

शुभ कामना / शुभ कामना // शुभ कामना

नयाँ वर्ष २०७५ सालको पावन अवसरमा हामी हाम्रा सम्पुर्ण राजनीतिक दल, व्यापारी, व्यावसायी, पत्रकार नागरिक समाज सरकारी तथा गैर सर कारी कार्यालयका प्रमुख प्रतिनीधि, शिक्षक, आमा समुह महिला समुह लगायत कालिकोटबासी आमा बूबा दाजुभाई तथा दिदिबहिनहरुलाई हार्दिक मंगलमय शूभकामना व्यक्त गर्दछौं ।

मोतिराम रोकाया
कार्यालय प्रमुख
जिल्ला आर्थिक गणना कार्यालय, कालिकोट

क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु । २. साझँ पख सधैं ज्वरो आउनु । ३. खाना खान मन नलाग्नु । ४. तौल(वजन) घट्नु । ५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्यसंस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।

जिल्ला स्वास्थ्य कार्यालय
कालीकोट

# बिहे गर्ने उमेरमा दुई सन्तानकी आमा

**हेमन्त केसी**

जुम्ला जिल्लाको कनका सुन्दरी १ की बिनिता भण्डारीको भर्खर बिहे गर्ने उमेर भयो । उनी अहिले २० वर्षकी मात्र भइन्, तर उनले ६ वर्षअघि नै बिहे गरिसकेकी छन् । उनी दुई सन्तानकी आमासमेत भइसकेकी छन् । गाउँकै विद्यालयमा ६ कक्षामा पढ्दै थिइन् । उमेर भर्खर १५ वर्षको थियो । गाउँकै १७ वर्षीय बलबहादुर भण्डारीसँग विवाह भयो। त्यतिखेर बिहे भनेको के हो उनलाई केही पनि थाहा थिएन । बाआमाको दबाबमा आफू बिहे गर्न बाध्य भएको उनले गुनासो गरिन् । '१६ वर्षको भएको वेला पहिलो सन्तानको रूपमा छोरा जन्माएँ। कलिलै उमेर भएकोले सुत्केरी हुन निकै कठिन भयो,' उनले अतीत सम्झँदै भनिन्, 'तीन वर्षपछि दोस्रो सन्तानको रूपमा छोरीलाई जन्म दिए । श्रीमानले ८ कक्षासम्म पढेर छोड्नुभो । मेरो ६ कक्षामै पढाइ छुट्यो । न हातमा सीप छ न योग्यता नै । दुवैजना बेरोजगार । घरको आर्थिक अवस्था निकै नाजुक। कसरी जीन्दगी बिताउने ?' सानैमा बिहे गरेकोमा पछुतो उनले सानैमा बिहे गरेकोमा पछुतो लागेको बताइन् । कलिलै उमेरमा बिहे गरेर बच्चा जन्माएको हुँदा उनको र बच्चाको स्वास्थ्य अवस्था कमजोर देखिएको छ । बच्चाहरूलाई कुपोषणले सताएको छ । आफ्नै बारीमा लगाएको अन्नले गुजारा नचलेपछि घर खर्च चलाउन भन्दै उनका श्रीमान् पाँच महिना अघि कामको खोजीमा कालापहाड ( भारत ) गएका छन् । घरमा सासु ससुरा, देवर, नन्द, छोरा, छोरी र म छौं बिहान बेलुकाको छाक टार्न पनि निकै मुस्किल पर्छ, उनले भनिन् । सोही ठाँउकी पदमी बुढाको उमेर अहिले भर्खर १८ वर्षको भयो । उनको पनि तीन वर्ष अघि नै बिहे भइसकेको छ । उनको काखमा दुई वर्षकी छोरी छन् । श्रीमान् रामबहादुर बुढा वैदेशिक कामको सिलसिलामा एक वर्षदेखि भारतमा छन् । उनी ८ कक्षामा पढ्दै थिइन् । उमेर १५ वर्षको थियो। त्यतिखेरै पदमी र रामबहादुरका परिवारबीच कुराकानी चल्यो । उनीहरूको बिहे गरादिए । बिहे गरेसँगै उनको पढाइ छुट्यो। बुहारीको रूपमा उनले घरमा खाना पकाउने, भाँडा माझ्ने, गाई बाख्राको गोठालो गर्ने, घाँस काट्ने काम उनको दिनचर्या बन्न थाल्यो । बिहे गरेपछि अझ खुसी हुने र आफ्नो र परिवारको सुन्दर भविष्यको कल्पना गर्ने अवस्था हो । तर, पवित्राका लागि बिहे साँच्चिकै बोझको रूपमा सावित भएको छ । 'मलाई विवाह के हो ? किन विवाह गर्छन् ? केही थाहा थिएन । बाआमाको आदेशले विवाह गरेँ। पढ्न पनि पाइनँ ।' उनले गुनासो गर्दै भनिन् 'उमेर नपुगेर विवाह गर्नु र गराउनु दुवै बेठिक रहेछ । मैले गरेपनि मेरा सन्तानलाई उमेर नपुगेर बिहे गराइ दिन् । केटाकेटीलाई राम्रोसँग पढाउँछु । शिक्षा नै ठुलो कुरा रहेछ ।' विनिता र पदमी मात्र होइन गाउँमा १५ वर्ष नपुग्दै बिहे गरेका तीन दर्जनभन्दा बढी आमाहरू छन् । यो गाँउमा मात्र होइन जिल्लाका ग्रामीण भेगमा उमेर नपुग्दै बिहे गर्न परिवारले नै प्रोत्साहन दिने गरेका छन् । यो चलन संस्कारकै रूपमा चल्न थालेको छ । केही शिक्षित परिवारले छोराछोरीको पठनपाठनमा ध्यान दिने गरेको भए पनि अन्यले छोरीलाई घरमा (माइतीमा ) राख्यो भने बिग्रन्छन् । छिटै बिहे गरे पुण्य कमाइन्छ भन्ने रूढीवादी सोचले गर्दा पनि यहाँका किशोरीहरूको उमेर नपुग्दै बिहे हुने गरेको छ । गरिब, दलित र निम्न आयस्तर भएका परिवारमा आमाबाबुले नै कलिलै उमेरमा बिहे गर्ने प्रवृत्ति बढ्दो भएको महिला तथा बालबालिका कार्यालयले जनाएको छ । अलि पढेलेखेका र हुनेखाने घरका केटाकेटी पनि बढ्दो प्रविधिको प्रयोग र देखासिखीले गर्दा पढ्दापढ्दै बिहे गर्ने चलन धेरै रहेको स्थानीय शिक्षक कालीबहादुर भण्डारीले बताए । कलिलै उमेरमा विवाह गर्दा महिलाको स्वास्थ्यमा गम्भीर असर पर्ने स्वास्थ्यकर्मीको भनाइ छ । उमेर नपुग्दै गर्भवती हुँदा आमा र बच्चाको स्वास्थ्यमा प्रतिकूल असर हुनुका साथै त्यस्ता अधिकांश महिलामा पाठेघर खस्ने समस्या देखिने गरेको छ ।


**शुभ कामना । शुभ कामना ॥ शुभ कामना**

**नयाँ वर्ष २०७५ सालको पावन अवसरमा हामी हाम्रा सम्पुर्ण राजनीतिक दल, व्यापारी, व्यावसायी, पत्रकार ,नागरिक समाज,आसपासका नगर पालिका एवं गाउँपालिका सम्पुर्ण जनप्रतिनिधीहरु, सरकारी तथा गैर सर कारी कार्यालयका प्रमुख प्रतिनीधि, शिक्षक, आमा समुह महिला समुह लगायत कालिकोटबासी आमा बूबा दाजुभाई तथा दिदिबहिनहरुलाई हार्दिक मंगलमय शूभकामना व्यक्त गर्दछौं ।**

***अनिपाल शाही***
***(कर्यालय प्रमुख)***
***जिल्ला जिल्ला समन्वय समितीको कार्यालय कालिकोट***

**शुभ कामना । शुभ कामना ॥ शुभ कामना**

**नयाँ वर्ष २०७५ सालको पावन अवसरमा हामी हाम्रा सम्पुर्ण राजनीतिक दल, व्यापारी, व्यावसायी, पत्रकार ,नागरिक समाज,आसपासका नगर पालिका एवं गाउँपालिका सम्पुर्ण जनप्रतिनिधीहरु, सरकारी तथा गैर सर कारी कार्यालयका प्रमुख प्रतिनीधि, शिक्षक, आमा समुह महिला समुह लगायत कालिकोटबासी आमा बूबा दाजुभाई तथा दिदिबहिनहरुलाई हार्दिक मंगलमय शूभकामना व्यक्त गर्दछौं ।**

***विष्णुप्रसाद तिवारी***
***(जिल्ला शिक्षा अधिकारी)***
***जिल्ला शिक्षा कार्यालय कालिकोट***

**शुभ कामना । शुभ कामना ॥ शुभ कामना**

**नयाँ वर्ष २०७५ सालको पावन अवसरमा हामी हाम्रा सम्पुर्ण राजनीतिक दल, व्यापारी, व्यावसायी, पत्रकार ,नागरिक समाज,आसपासका नगर पालिका एवं गाउँपालिका सम्पुर्ण जनप्रतिनिधीहरु, सरकारी तथा गैर सर कारी कार्यालयका प्रमुख प्रतिनीधि, शिक्षक, आमा समुह महिला समुह लगायत कालिकोटबासी आमा बूबा दाजुभाई तथा दिदिबहिनहरुलाई हार्दिक मंगलमय शूभकामना व्यक्त गर्दछौं ।**

***ब्रजकिशोर ठाकुर***
***(कर्यालय प्रमुख)***
***जिल्ला पशु सेवा कार्यालय कालिकोट***

**सम्पुर्णमा हाम्रो अनुरोध**

**जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वर परको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।**

**जिल्ला समन्वय समिति**
**कालिकोट**

**कालिकोटवासी सम्पुर्णमा हाम्रो अनुरोध**

**जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।**

**खानेपानी सरसफाइ तथा सव–डिभिजन**
**कार्यालय कालीकोट**

मनोरञ्जन

# मिस नेपाल निकितालाई पहिलो फिल्ममै चर्को पारिश्रमिक



नेपाली चलचित्र क्षेत्रमा अहिले १० लाख पारिश्रमिक निकै चर्चित छ । नायिका साम्राज्ञी राज्यलक्ष्मी शाहले चलचित्र 'कायरा'मा १० लाख पारिश्रमिक लिएपछि यसले व्यापक चर्चा पायो । १० लाख पारिश्रमिक लिदै साम्राज्ञी सवैभन्दा महंगी नायिकासमेत बनिन् । यस्तै, चलचित्र 'रामकहानी'मा हास्य कलाकार केदार घिमिरे 'माग्ने बुढा' ले पनि १० लाख पारिश्रमिक लिएपछि यसले हंगामा नै मच्चायो । केदारलाई 'महंगा माग्ने' समेत भनियो । यसपछि, उनलाई २० र २५ लाखको पारिश्रमिकको अफर समेत आयो । अहिले, फेरि चलचित्र क्षेत्रमा १० लाख पारिश्रमिकको चर्चा सुरु भएको छ । चलचित्र 'रानी महल' मा अनुवन्धित भएकी सन् २०१७ कि मिस नेपाल 'निकिता चण्डक'ले१० लाख पारिश्रमिक लिएको वुझिएको छ । निकिताका लागि यो पारिश्रमिकको बार्गेनिङ 'मिस नेपाल'को आयोजक संस्था द हिडेन ट्रेजरले नै गरेको हो । जुन पारिश्रमिक दिन निर्माणपक्ष तयार भयो । वर्षा शिवाकोटी ब्याक भएपछि नायिका नपाएर फिटफिटी परेको यो चलचित्रको निर्माणपक्षलाई निकिताको आगमन सुखद त भयो, तर महंगो पनि परेको छ । दर्शकमा खासै क्रेज नरहेकी सुन्दरीलाई पहिलो फिल्ममै चर्को पारिश्रमिक दिन निर्माण पक्ष किन तयार भयो बुझिनसक्नु छ । निकितालाई २ किस्तामा १० लाख पारिश्रमिक दिने संझौता भएको छ ।

लोग सेवा आयोगको अग्रगामी सोच आधुनिक परीक्षण प्रविधिको प्रयोगबाट योग्यतम ब्यक्तिको छनोट


नेपाल सरकार सुचना तथा सञ्चार मन्त्रालय
सुचना विभाग

व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृषि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कर्षि उत्पादन एवं उत्पादकत्व बढाई जिल्लामा स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।

नेपाल सरकार कृषि विकास मन्त्रालय
जिल्ला कृषि विकास कार्यालय,
कालिकोट

स्वास्थ्य

# शून्यतिर खस्रे रोग



अन्धो बनाउने खस्रे रोग (ट्रकोमा) नेपालमा निवारण हुने अवस्थामा पुगेको छ । नेपाल नेत्रज्योति संघको अगुवाइमा गरिएको एकीकृत विशेष अभियानपछि यो रोग निवारणको चरणमा पुगेको हो । सरकारले संघलाई सन् १९८१ देखि आँखा स्वास्थ्य सेवाको राष्ट्रिय दायित्व सुम्पेको थियो । नेपालमा उपलब्ध आँखा उपचार सेवाको ९० प्रतिशत हिस्सा संघअन्तर्गत छ । यो संस्था आँखा उपचारका क्षेत्रमा ४ दशकदेखि क्रियाशील छ । राष्ट्रिय नीतिअनुसार सन् २०१७ भित्रमा खस्रे रोग निवारण गर्ने लक्ष्य राखेर संघले शल्यक्रिया, एन्टिबायोटिक्स खुवाउने, हातमुख धुने र वातावरणीय सुधारका कार्यक्रम एकीकृत रूपमा सञ्चालन गरेको थियो । यो रोग क्लाइमेडिया ट्रकोमाइटिस नामक जीवाणुको संक्रमणबाट सर्छ । संक्रमित व्यक्तिले प्रयोग गरेको रुमाल र झिँगामार्फत पनि यो रोग सर्ने गर्छ । खुला दिसा वा खानेपानी र फोहोर वातावरणले यो रोग फैलिन सघाउँछ । विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) को मापदण्डअनुसार एक १ देखि ९ वर्ष भित्रका बालबालिकामा ५ प्रतिशतभन्दा कममा र १ हजारजनामा एकभन्दा कममा संक्रमण भएको अवस्थालाई निवारण भनिन्छ । संक्रमणपछि आँखा चिलाउने र माथिल्लो ढकनीमुनिको भाग खस्रो हुँदै जीवाणुले बिस्तारै ५/७ वर्षभित्र आँखाको नानीमा असर गरेर अन्धोपन गराउँछ । अन्धोपनअघि नै रोग पहिचान भएमा शल्यक्रियाबाट निको हुन्छ । सन् १९८१ को पूर्ण जनसंख्यामा आधारित सर्वेक्षण (प्रिभ्यालेन्स सर्भे) मा कुल जनसंख्याको ६.९ प्रतिशतमा खस्रे रोग पाइएको थियो भने ट्रकोमाका कारण २.४ प्रतिशत दृष्टिविहीन बनेका थिए । २० भन्दा बढी जिल्लामा १० प्रतिशत जनसंख्यामा खस्रे रोग संक्रमण भइसकेको (एक्टिभ ट्रकोमा) थियो । यस आधारमा ट्रकोमा अन्धोपनको दोस्रो प्रमुख कारण थियो। त्यसपछि सरकारले संघलाई जिम्मा दिएर कार्यक्रम सञ्चालन गरेको थियो । संघका अनुसार १५ वर्ष अवधिमा खस्रे रोग भएका ३० हजारभन्दा बढीको आँखाको शल्यक्रिया गरिएको थियो । १० प्रतिशतभन्दा बढी संक्रमण भएका २० जिल्लाका एक करोड ४७ लाख जनसंख्यालाई एन्टिबायोटिक्स खुवाउनुका साथै लाखौंमा सरसफाइ र चेतना विस्तारपछि निवारण सम्भव भएको संघका अध्यक्ष डा. तीर्थप्रसाद मिश्रले बताए ।

प्रकोप र महामारी सम्बन्धमा

नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।

जिल्ला स्वास्थ्य कार्यालय
कालीकोट

## हार्दिक शुभकामना

नयाँ वर्ष २०७५ सालको पावन अवसरमा हामी हाम्रा सम्पुर्ण राजनीतिक दल, व्यापारी, व्यावसायी, पत्रकार नागरिक समाज सरकारी तथा गैर सरकारी कार्यालयका प्रमुख प्रतिनीधि, शिक्षक, आमा समुह महिला समुह लगायत कालिकोटबासी आमा बूबा दाजुभाई तथा दिदिबहिनहरुलाई हार्दिक मंगलमय शूभकामना व्यक्त गर्दछौं ।

काशिचन्द्र बराल (मेयर) मिमसरा बम(शाही ) (उपमेयर)

### रास्कोट नगरपालिका कालिकोट

**वडा अध्यक्ष**

नमराज संज्याल वडा नं. १
दयाराम सिम्खाडा वडा नं. २
देउसिंगे कुमाल वडा नं. ३
विनोदकुमार शाही वडा नं. ४
नरजंग शाही वडा नं. ५
टक्क फर्सालि वडा नं. ६
अदलसिंह महतारा वडा नं. ७
कृष्णप्रसाद धमाला वडा नं. ८
डबल बोगटी वडा नं. ९

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

- मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौ ।
- बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउ र नखुऔ ।
- पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔ ।
- खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउ र नखुवाऔ ।
- माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔ ।

नेपाल सरकार
पशुपंक्षी विकास मन्त्रालय
जिल्ला पशु सेवा कार्यालय
कालिकोट

**सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौँ, उत्पादन बढाऔँ । सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔँ,गरिबी न्यूनिकरण गरौँ ।**

सिंचाइ विकास सव डिभिजन कार्यालय कालिकोट

## हार्दिक शुभकामना

नयाँ वर्ष २०७५ सालको पावन अवसरमा हामी हाम्रा सम्पुर्ण राजनीतिक दल, व्यापारी, व्यावसायी, पत्रकार नागरिक समाज सरकारी तथा गैर सरकारी कार्यालयका प्रमुख प्रतिनीधि, शिक्षक, आमा समुह महिला समुह लगायत कालिकोटबासी आमा बूबा दाजुभाई तथा दिदिबहिनहरुलाई हार्दिक मंगलमय शूभकामना व्यक्त गर्दछौं ।

रत्नबहादुर शाही (मेयर) दर्शना नेपाली (उपमेयर)

### तिलागुफा नगरपालिका कालिकोट

**वडा अध्यक्ष**

दलबहादुर कटुवाल वडा नं. १
दलसुर बोहोरा वडा नं. २
सुर्यबहादुर शाही वडा नं. ३
खड्कराज शाही वडा नं. ४
टिकाराम न्यौपाने वडा नं. ५
धर्मराज शाही वडा नं. ६
नेत्रबहादुर शाही वडा नं. ७
तिलक न्यौपाने वडा नं. ८
निरेन्द्रबहादुर रोकाया वडा नं. ९
मनबहादुर थापा वडा नं. १०
रधुविर शाही वडा नं. ११

## हार्दिक शुभकामना

नयाँ वर्ष २०७५ सालको पावन अवसरमा हामी हाम्रा सम्पुर्ण राजनीतिक दल, व्यापारी, व्यावसायी, पत्रकार नागरिक समाज सरकारी तथा गैर सरकारी कार्यालयका प्रमुख प्रतिनीधि, शिक्षक, आमा समुह महिला समुह लगायत कालिकोटबासी आमा बूबा दाजुभाई तथा दिदिबहिनहरुलाई हार्दिक मंगलमय शूभकामना व्यक्त गर्दछौं ।

धिरबहादुर बिष्ट (अध्यक्ष) मनसोभा बुढा (उपाध्यक्ष)

### नरहरीनाथ गाँउपालिका कालिकोट

**वडा अध्यक्ष**

पृथी बिष्ट वडा नं. १
प्रेम दमाई वडा नं. २
टक्क बिष्ट वडा नं. ३
नरबहादुर बोगटी वडा नं. ४
गगन फडेरा वडा नं. ५
तुलाराम बि.क. वडा नं. ६
दलबहादुर बि.क. वडा नं. ७
लोग बिष्ट वडा नं. ८
जोरासिंह शाही वडा नं. ९

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै अस्पतालमा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
जिल्ला स्वास्थ्य कार्यालय कालिकोट

## हार्दिक शुभकामना

नयाँ वर्ष २०७५ सालको पावन अवसरमा हामी हाम्रा सम्पुर्ण राजनीतिक दल, व्यापारी, व्यावसायी, पत्रकार नागरिक समाज सरकारी तथा गैर सरकारी कार्यालयका प्रमुख प्रतिनीधि, शिक्षक, आमा समुह महिला समुह लगायत कालिकोटबासी आमा बूबा दाजुभाई तथा दिदिबहिनिहरुलाई हार्दिक मंगलमय शूभकामना व्यक्त गर्दछौं ।

*जसीप्रसाद पाण्डे (मेयर)* *विजया बिष्ट (उपमेयर)*

### खाँडाचक्र नगरपालिका कालिकोट

**वडा अद्दयक्ष**

*गणेशबहादुर शाही वडा नं. १*
*बिर्खसिंह वि.क. वडा नं. २*
*महाविर पाण्डे वडा नं. ३*
*धनसिंगे कामी वडा नं. ४*
*खडानन्द चौलागाई वडा नं. ५*
*जगदिश शाही वडा नं. ६*
*रजबहादुर मल्ल वडा नं. ७*
*आदीचन्द चौलागाई वडा नं. ८*
*गोविन्दबहादुर मल्ल वडा नं. ९*
*डिलबहादुर शाही वडा नं. १०*
*पुष्पराज गीरी वडा नं. ११*

---

## नेपाल सरकार
## केन्द्रीय तथ्याङ्क विभाग
### जिल्ला आर्थिक गणना कार्यालय कालिकोट अनुरोध

यही मिती २०७५ साल बैशाख १ गतेदेखि जेष्ठ ३१ गतेसम्म प्रत्येक उधोग, ब्यापार, ब्यावसाय, शैक्षिक प्रतिष्ठान, स्वास्थ्य संस्था, बैंक तथा वित्तीय संस्था लगायत राजनितीक दल अन्य विभिन्न प्रकारका सेवा प्रदायक संघ संस्था तथा कार्यालयहरुमा गणकहरु आउदै छन् । आ–आफ्नो प्रतिष्ठानका क्रियाकलापहरु सम्बन्धीत सही विवरण उपलब्ध गराई प्रथम राष्ट्रिय आर्थिक गणना २०७५ सफल पारौ । तपाईहरुको दिनुभएको विवरणहरु तथ्याक्त ऐन अनुसार गोप्य रहने छन् र समष्टिगत सूचकहरु उत्पादनका लागी मात्र प्रयोग गरिने छन् । निर्धक्क भई यस गणनामा सहभागी बनौं ।

**नेपाल सरकार, केन्द्रीय तथ्याङ्क विभाग**
**जिल्ला आर्थिक गणना कार्यालय कालिकोट**

---

## वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

### वन डढेलो रोकथाम गर्ने उपायहरु:-

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।
२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।
३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।
४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

### वन डढेलो नियन्त्रण गर्ने उपायहरु:-

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।
२) नियन्त्रण गर्न नसकिने डढेलोलाई प्रति अग्नी विधी (Conter Fire Method अपनाएर जस्तै: आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।
३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तै: दाते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**जिल्ला वन कार्यालय**
**कालीकोट**
फोन नं. ०८७-४४०००२

---

## एक घर एक करेसावारीको स्थापना गरौं ।
## स्वच्छ र ताजा तरकारीको सेवन गरौं ॥

**नेपाल सरकार**
**कृषि बिभाग**
**क्षेत्रीय कृषि निर्देशनालय**
जिल्ला कृषि बिकास कार्यालय,
**कालिकोट**

---

हेर्नुहोस मिसन न्युज, हुनुपर्दैन कन्फ्युज
नरहनुहोस बेखवर गाउँदेखि सहर ।

MISSION

**मिसन न्यूज**
**राष्ट्रिय साप्ताहिक**
www.missionenews.com

---

## महत्वपूर्ण टेलिफोनहरु

| | |
|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ |
| जिल्ला बिकास समिति | ४४००२१/४४०११४ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ |
| जिल्ला कारागार शाखा | ४४००१७ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० |
| जिल्ला पशु सेवा कार्यालय | ४४००२३ |
| जिल्ला शिक्षा कार्यालय | ४४०११६ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ |
| जिल्ला कृषि विकास कार्यालय | ४४०११८/४४०२०९ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ |
| जिल्ला प्राबिधिक कार्यालय | ४४०१५३ |
| कालीकोट, जुम्ला, हुम्ला सडक योजना | ४४०१७६ |
| स्थानीय शान्ति समितिको कार्यालय | ४४०१८१ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ |
| नेपाल खाद्य संस्थान | ४४०००८ |
| महिला तथा बालबालिका कार्यालय | ४४००८४ |
| खानेपानी स.तथा सव–डिभिजन | ४४०००३ |
| कृषि विकास बैंक कालिकोट | ४४००५९ |
| राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ |
| जिल्ला वन कार्यालय | ४४०००२ |
| घरेलु तथा साना उद्योग संघ | ४४००१० |
| जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| नापी कार्यालय | ४४००१८ |
| मालपोत कार्यालय | ४४००१९ |
| जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| मष्टामाण्डु पेट्रोल पम्म | ९८४१४५९३९४ |
| ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| एसियन लाइफ उपशाखा कालिकोट | ०८७४४०२५५ |
| उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| मिसन न्यूज | ०८७–४४०२४२ |

## हार्दिक शुभकामना

नयाँ वर्ष २०७५ सालको पावन अवसरमा हामी हाम्रा सम्पुर्ण राजनीतिक दल, व्यापारी, व्यावसायी, पत्रकार नागरिक समाज सरकारी तथा गैर सरकारी कार्यालयका प्रमुख प्रतिनीधि, शिक्षक, आमा समुह महिला समुह लगायत कालिकोटबासी आमा बूबा दाजुभाई तथा दिदिबहिनहरुलाई हार्दिक मंगलमय शूभकामना व्यक्त गर्दछौं।

*खड्गराज सेजुवाल (अध्यक्ष)* *तारा न्यौपाने (उपाध्यक्ष)*

### पचाल झरना गाँउपालिका कालिकोट
### वडा अध्यक्ष

*रन्तलाल न्यौपाने वडा नं. १*
*करबिरे बि.क. वडा नं. २*
*लोगजंग कठायत वडा नं. ३*
*अनरुप रोकाया वडा नं. ४*
*देउमले नेपाली वडा नं. ५*
*बनपती बुढा वडा नं. ६*
*सर्पसिंह बोहोरा वडा नं. ७*
*डम्बरे कामी वडा नं. ८*
*जोरे तिरुवा वडा नं. ९*

## हार्दिक शुभकामना

नयाँ वर्ष २०७५ सालको पावन अवसरमा हामी हाम्रा सम्पुर्ण राजनीतिक दल, व्यापारी, व्यावसायी, पत्रकार नागरिक समाज सरकारी तथा गैर सरकारी कार्यालयका प्रमुख प्रतिनीधि, शिक्षक, आमा समुह महिला समुह लगायत कालिकोटबासी आमा बूबा दाजुभाई तथा दिदिबहिनहरुलाई हार्दिक मंगलमय शूभकामना व्यक्त गर्दछौं।

*लक्ष्मण बहादुर बम (अध्यक्ष)* *दाना न्यौपाने (उपाध्यक्ष)*

### पलाँता गाँउपालिका कालिकोट
### वडा अध्यक्ष

*मानबहादुर भण्डारी वडा नं. १*
*वुद्धि कामी वडा नं. २*
*कर्णबहादुर रोकाया वडा नं. ३*
*एिनराज महतारा वडा नं. ४*
*विरबहादुर बम वडा नं. ५*
*रुपबहादुर रोकाया वडा नं. ६*
*बर्जबहादुर बम वडा नं. ७*
*पटक बम वडा नं. ८*
*वडा नं. ९*

## सूचना

मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदा सफा र स्वच्छ पानीको प्रयोग गरौं। बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं। सफा घर स्वस्थ्य जीवन जिउने आधार हो। सबै त्यसैमा लागौं।

**जिल्ला स्वास्थ्य कार्यालय**
**कालिकोट**

## जनहितका लागि जारी सन्देश

घर आागन सफा राखौं, किटजन्य रोग भगाऔं

**रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं**

**जिल्ला स्वास्थ्य कार्यालय**
**कालिकोट**

### स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

(सव–डिभिजन प्रमुख) एवं
खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय कालिकोट

**स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔँ। धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔँ। खेती योग्य बाझाँ जगगामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौँ, गराऔँ।**

नेपाल सरकार कृषि विकास मन्त्रालय
जिल्ला कृषि विकास कार्यालय,
कालिकोट

जिल्ला प्रशासन कालिकोट द.नं.१२/०७३/०७४ www.missionenews.com जि.हु.का. द.नं. ४/०७३/०७४ मिसन न्यूज



## हार्दिक शुभकामना

नयाँ वर्ष २०७५ सालको पावन अवसरमा हामी हाम्रा सम्पूर्ण राजनीतिक दल, व्यापारी, व्यावसायी, पत्रकार नागरिक समाज सरकारी तथा गैर सरकारी कार्यालयका प्रमुख प्रतिनीधि, शिक्षक, आमा समुह महिला समुह लगायत कालिकोटबासी आमा बूबा दाजुभाई तथा दिदिबहिनहरुलाई हार्दिक मंगलमय शूभकामना व्यक्त गर्दछौं।

*खडानन्द चौलागाई (अध्यक्ष) पम्फा कुमारी शाही (उपाध्यक्ष)*

### शुभकालिका गाँउपालिका कालिकोट

### वडा अध्यक्ष

*विरबहादुर बुढा मगर वडा नं. १*
*मानबहादुर शाही वडा नं. २*
*धनराज शाही वडा नं. ३*
*रामबहादुर शाही वडा नं. ४*
*केशनबहादुर शाही वडा नं. ५*
*कर्णबहादुर केसी वडा नं. ६*
*जनकबहादुर शाही वडा नं. ७*
*दीपक महतारा वडा नं. ८*

## हार्दिक शुभकामना

नयाँ वर्ष २०७५ सालको पावन अवसरमा हामी हाम्रा सम्पूर्ण राजनीतिक दल, व्यापारी, व्यावसायी, पत्रकार नागरिक समाज सरकारी तथा गैर सरकारी कार्यालयका प्रमुख प्रतिनीधि, शिक्षक, आमा समुह महिला समुह लगायत कालिकोटबासी आमा बूबा दाजुभाई तथा दिदिबहिनहरुलाई हार्दिक मंगलमय शूभकामना व्यक्त गर्दछौं।

*नन्दबहादुर सिंह (अध्यक्ष) मनराज शाही (उपाध्यक्ष)*

### महावै गाँउपालिका कालिकोट

### वडा अध्यक्ष

*मनराज शाही वडा नं. १*
*गौकला सिंह वडा नं. २*
*दानकला सिंह वडा नं. ३*
*विविशरण शाही वडा नं. ४*
*धर्मराज शाही वडा नं. ५*
*रविन्द्रबहादुर शाही वडा नं. ६*
*सिंहबहादुर शाही वडा नं. ७*

**(भ्रष्टाचार विरुद्धको सहकार्य:सुशासनको लागि अपरिहार्य)**

कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको ब्यक्तिले भ्रष्टाचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्यक्स गरी भ्रष्टाचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा सहयोग पुर्‍याउन हुन अनुरोध छ।

**सम्पर्क ठेगाना**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेत

फोन नं. ०८३–५२५३७४, ०८३–५२३१७८, ०८३–५२१९६०

फ्यक्स नं. ०८३–५२३८८४

२४ सै घण्टा उपलब्ध हुने मोबाइल नं.९८५८०५३४२२

ईमेल ciaasurkhet@gmail.com

## हार्दिक शुभकामना

नयाँ वर्ष २०७५ सालको पावन अवसरमा हामी हाम्रा सम्पूर्ण राजनीतिक दल, व्यापारी, व्यावसायी, पत्रकार नागरिक समाज सरकारी तथा गैर सरकारी कार्यालयका प्रमुख प्रतिनीधि, शिक्षक, आमा समुह महिला समुह लगायत कालिकोटबासी आमा बूबा दाजुभाई तथा दिदिबहिनहरुलाई हार्दिक मंगलमय शूभकामना व्यक्त गर्दछौं।

*डम्मरबहादुर शाही (अध्यक्ष) होईजा बुढा (उपाध्यक्ष)*

### सान्नी त्रिवेणी गाँउपालिका कालिकोट

### वडा अध्यक्ष

*भरतकुमार बि.क वडा नं. १*
*विरजित बटाला वडा नं. २*
*कृष्णप्रसाद देवकोटा वडा नं.३*
*अनिपाल धामी वडा नं. ४*
*नरेश बम वडा नं. ५*
*रंगबहादुर शाही वडा नं. ६*
*मणीप्रसाद सिम्खाडा वडा नं. ७*
*जनकराज खत्री वडा नं. ८*
*दुर्गा केसी वडा नं. ९*

### स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाइ सरसफाई बारे.............

| हात अनिवार्य धुनपर्ने जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
| --- | --- |
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**(सव–डिभिजन प्रमुख)**

**एवं खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय परिवार कालिकोट**